प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : ३२८ ॥ २०८१ माघ ०९ गते बुधबार (22nd Jan 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# विपद्को उच्च जोखिममा रहेको झापाबारे मुख्यमन्त्रीको ध्यानाकर्षण

झापा(प्रस) ।झापा जिल्ला विपद्को उच्च जोखिममा रहेको भन्दै सरोकारवालाहरुले कोशी प्रदेशका मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका छन् । कोशीका १४ वटै जिल्लामा एकीकृत विपद् प्रतिकार्य योजना संचालन गर्न झापाका प्रकोप जोखिम क्षेत्रहरुको विद्युतीय नक्सांकन तथा प्रदेश विपद् पार्श्वचित्र निर्माणसम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रममा सरोकारवालाहरुले मुख्यमन्त्री हिक्मतकुमार कार्कीको ध्यानाकर्षण गराएका हुन् । मंगलवार बिर्तामोडमा आयोजित अन्तरक्रिया कार्यक्रममा जिल्लाका पालिका प्रमुख , संघ संस्था र कार्यालयका प्रमुखहरुले जिल्लामा भइरहेका प्रकोप र प्रकोप जोखिम क्षेत्रहरुको बारेमा अवगत गराएका थिए । हात्ती-मानव द्वन्द्व , बाढी ,भूकम्प , नदी कटान , भूक्षय , आगलागीजस्ता प्रकोपका बारेमा उनीहरुले जानकारी दिएका थिए ।



कोशी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा आयोजित कार्यक्रममा प्रकोपको जोखिम कम गर्न कोशी प्रदेशका १४ वटै जिल्लामा प्रभावकारी योजना बनाई एकीकृत रूपमा कार्यान्वयन गर्नुपर्ने विषयमा छलफल भएको थियो । त्यसका लागि प्रकोप जोखिम क्षेत्रहरुको विद्युतीय नक्सांकन तथा प्रदेश विपद् पार्श्वचित्र निर्माण कार्य शुरु गरिएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्री हुँदाखेरि नै हिक्मतकुमार कार्कीले करिव ३ वर्षअघि सो योजना शुरुवात गरेका थिए । त्यस योजना कार्यान्वयन गर्नेक्रममा मंगलवार झापाका पालिका प्रमुख , पालिकाका आइटी कर्मचारी , सुरक्षा निकायका प्रमुख , सरोकारवाला संघ संस्था र कार्यालयका प्रमुखहरुसंग अन्तरक्रिया गरिएको हो । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीको अध्यक्षता तथा मुख्यमन्त्री कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विज्ञहरुले कोशी प्रदेशमा विपद् व्यवस्थापनको वस्तुस्थितिका बारेमा जानकारी दिएका थिए । त्यसप्रति मेचीनगर नगरपालिकाका नगर प्रमुख गोपालचन्द्र बुढाथोकी , नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल , डिभिजन वन कार्यालयका प्रमुख मेघराज राईलगायतले जिल्लामा प्रकोपको जोखिमबारे जानकारी

❖ बाँकी अन्तिम पृष्ठमा

# पाथीभरा मन्दिरसम्म पुग्ने केबलकार निर्माण शुरु

झापा(प्रस)। ताप्लेजुङमा रहेको प्रसिद्ध धार्मिक तीर्थस्थल पाथीभरा देवी मन्दिरसम्म पुग्ने पाथीभरा देवी मुकुम्लुङ दर्शन केबलकार परियोजनाको निर्माण मंगलवारबाट सुरु भएको छ । हिमालय कन्स्ट्रक्सनका प्रमुख इन्द्र केदेमले बटम स्टेसनबाट केबलकार निर्माणको कार्य मंगलवारबाटै सुरु भएको जानकारी दिएका छन् । केबलकार निर्माण गर्ने कार्यको थालनी गर्न स्काभेटरले फाउन्डेसन तयार गर्न लागेकोमा बिहान ९:५५ बजे उक्त स्काभेटरको हाईड्रोलिक पम्पमा समस्या आई काम स्थगित भएको थियो । आवश्यक सामानहरु झिकाएर स्काभेटर मर्मतपश्चात् दिउँसो ४ बजेदेखि पुनः काम सुचारु भएको जनाइएको छ । जिल्लाका सबै राजनीतिक दल, सांसद, स्थानीय जनप्रतिनिधि,स्थानीयवासी, सरकारी निकायसहित सुरक्षा निकायसमेतको सहयोग र समन्वयमा काम अघि बढेकाले निर्माणको अबको चरण द्रुत गतिमा अघि बढ्ने केदेमले बताए ।केबलकार कम्पनीका सञ्चालक रुद्र पौडेलले पाथीभरा केबलकार निर्माण भई सञ्चालनमा आउँदा ताप्लेजुङ जिल्लाको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा टेवा पुग्ने र समग्र कोशी प्रदेशकै आर्थिक समृद्धिको कोशेढुंगा बन्ने बताउँदै केबलकार निर्माण कार्य द्रुत गतिमा अगाडि बढाइने बताए । पौडेलले अबको १५ महिनाभित्र केबलकार चढेर पाथीभरा देवीको दर्शन गर्न सकिने विश्वास पनि दिलाएका छन् । यो केबलकारले अशक्त, बृद्धबृद्धा तथा बालबालिकालगायतका भक्तजनलाई पाथीभरा देवीको दर्शन गर्न सहज हुनेछ । पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना, वातावरणीय सन्तुलन र आर्थिक तथा सामाजिक विकासका लागि पाथीभरा केबलकार अनुपम उदाहरण बन्ने पनि सञ्चालक पौडेलले उल्लेख गरेका छन् । यो परियोजना सम्पन्न हुँदा पाथीभरा देवीको दर्शन गर्न आउने पर्यटकहरूको संख्या १० लाखसम्म पुग्ने विश्वास कम्पनीले लिएको छ ।

**कृषि बजार व्यवस्थापन समिति बिर्तामोड झापाको दर्तावाला लेखा परीक्षक तथा फर्महरुलाई जरुरी सूचना**

**यस कृषि बजार व्यवस्थापन समिति बिर्तामोड, झापाको आ.व. २०८०/०८१ को आय तथा व्यय अध्ययन गरी लेखा परीक्षण गर्नलाई इच्छुक लेखा परीक्षक तथा फर्महरुलाई यही २०८१ माघ ७ गते सोमबारदेखि २०८१ माघ १३ गते आइतबार अपरान्ह ४ बजेसम्म निम्न कागजातसहित कृषि बजार व्यवस्थापन समितिको कार्यालयमा कोटेशन पेश गर्न २०८१/१०/०७ गतेको बजार व्यवस्थापन समितिको निर्णयानुसार आह्वान गरिएको व्यहोरा अनुरोध छ ।**

**निम्न :**

**१) लेखा परीक्षक वा फर्महरुको प्रमाण पत्र, आ.व. २०८०/०८१ को नबीकरण भएको ।**
**२) कर चुक्ता भएको ।**
**३) नेपाली नागरिकताको प्रमाणको प्रतिलिपि ।**
**४) पेशागत प्रमाणपत्रको प्रतिलिपि ।**
**५) स्थानीय तहको व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि ।**

**कृषि बजार व्यवस्थापन समिति**
**बिर्तामोड, झापा (फोन: ०२३-५३०००२)**

# बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव शुरु

झापा(प्रस)। झापाको बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव शुरु भएको छ । नेपाल र छिमेकी मुलुकहरु भारत, बंगलादेश, पाकिस्तानसहितका वस्तु र सेवाहरुको अवलोकन र बिक्री बितरणका लागि महोत्सव आयोजना गरिएको बिर्तामोड उद्योग वाणिज्य संघले जनाएको छ । महोत्सवको उद्घाटन गर्दै कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आर्थिक समृद्धिका लागि उद्योग र पर्यटनमा जोड दिनुपर्ने बताए । सरकारको नीति र योजना पनि औद्योगिक र पर्यटन क्षेत्रको प्रवर्द्धनमा नै लक्षित रहेको उनको भनाई थियो । अन्तरदेशीय राजमार्ग (एसियन हाइवे) को निर्माणपछि सिङ्गो नेपालले पर्यटन क्षेत्रको विकास गर्ने सम्भाव्यता रहेको उनले औंल्याए ।व्यापार प्रवर्द्धन र उद्यमशीलताका लागि प्रदेश सरकार सकारात्मक रहेको मुख्यमन्त्री कार्कीले बताए ।

प्रदेश सरकारले २०८० साललाई पर्यटन वर्ष घोषणा गरिसकेको छ । स्थानीय उत्पादन र स्वरोजगारमुलक उद्यमको प्रवर्द्धनमा पर्यटन वर्षले थप टेवा दिने उनले विश्वास दिलाए । लगानी सम्मेलन र चिया सम्मेलनसमेत गरिने आगामी वर्ष दश करोडभन्दा माथिका सामूहिक योजना सरकारसमक्ष पेश गर्न उद्योगी व्यवसायीलाई उनको आग्रह छ । मुख्यमन्त्री कार्कीले कोशी प्रदेशमा तीन वटा पदमार्गका लागि बजेट विनियोजन गरिसकेको पनि जानकारी गराए । आर्थिक समृद्धिका लागि स्थानीय उत्पादनको प्रवर्द्धन



तथा होटल व्यवसाय सहयोगी बन्न सक्ने भन्दै अन्यत्रभन्दा झापा जिल्ला प्रचुर सम्भावनाको क्षेत्र रहेको मुख्यमन्त्री कार्कीको धारणा छ । कार्यक्रममा बोल्दै खानेपानी, सिँचाई तथा ऊर्जामन्त्री एकराज कार्कीले महोत्सवले सुस्ताएको बजारलाई चलायमान बनाउन मद्धत पुग्ने आशा व्यक्त गरे ।

संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटीले उद्योगी व्यवसायीलाई सहजता प्राप्त हुनेगरीको वातावरण तयार गर्न सरकारसमक्ष माग गरे ।

नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा सार्क चेम्वर एण्ड कमर्सका उपाध्यक्ष चण्डिराज ढकालले व्यवसाय प्रवर्द्धनका लागि सरकारका तीनवटै तह जिम्मेवार हुनु पर्ने बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको महोत्सव उद्घाटन सत्रमा बिर्तामोड नगर प्रमुख पवित्रा महतारा प्रसाई,नेपाल उद्योग वाणिज्य महासंघका कोशी प्रदेश अध्यक्ष राजेन्द्र राउत, केन्द्रीय सदस्य उमेश डालमिया, नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे , दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

माघ १९ गतेसम्म सञ्चालन हुने महोत्सवमा १७० वटा व्यवसायिक स्टल रहेका छन् । खेल सामग्री, फुडकोड,सेल्फीजोन समेत रहेको महोत्सव अवधिभर नेपालका चर्चित कलाकारहरुको साङ्गीतिक प्रस्तुति रहने बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडाले जानकारी दिएका छन् । कार्यक्रममा महोत्सव मूल आयोजक समिति संयोजक विशाल थापाले स्वागत मन्तब्य राखेका थिए । त्यसअघि संघको कार्यालयबाट उद्योगी व्यवसायीहरु तथा शुभेच्छुकहरुको समूह विभिन्न झाँकीसहित नगर परिक्रमा गर्दै महोत्सवस्थल पुगेको थियो ।




# मोतियाविन्दुका बिरामीको निःशुल्क शल्यक्रिया

झापा(प्रस)। खाँदबारीमा सञ्चालित तेजरत्न आँखा तथा कान उपचार केन्द्रमा ६३ जना मोतियाविन्दुका बिरामीको शल्यक्रिया गरिएको छ । केन्द्रले सोमबार र मङ्गलबार आयोजना गरेको शिविरमा पाँच सय २३ जनाको सामान्य आँखा जाँच गरिएको तेजरत्न आँखा उपचार केन्द्रका प्रमुख क्षितिज बराललले बताए ।

मेची आँखा अस्पताल बिर्तामोडको सहयोगमा सञ्चालित शिविरमा संखुवासभा, धनकुटा र भोजपुरका आँखा रोगीले उपचार सेवा लिएका छन् । मेची आँखा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. पुरुषोत्तम जोशी नेतृत्वको टोलीले शिविरमा आएका बिरामीको उपचार गरेको थियो ।

वडा-वडामा आँखा जाँच गरेर मोतियाविन्दु लागेका बिरामीको पहिचान गरी उनीहरूलाई निःशुल्क उपचार गरिएको प्रमुख बराललले बताए । शिविरमा दुई सय ५० जनालाई निःशुल्क चस्मा वितरण गरिएको आयोजकले जनाएको छ ।

**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टागनडुब्बा झापा, कोशी प्रदेश नेपाल**

**विषय- सहकारी संस्थाहरुको लागि तालिम सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा युद्ध झापा गाउँपालिका भित्र स्थापित तथा सूचीकृत सहकारी संस्थाहरुको लागि तपसिल बमोजिमको मिति र समयमा कोपोमिस, सहकारी व्यवस्थापन, लेखा समितिको भुमिका लगायतका विषयमा तालिम सञ्चालन हुने हुँदा तहाँबाट व्यवस्थापक - १. संचालक समितिका अध्यक्ष वा सदस्य -१ र लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्य -१ गरि जम्मा एक सहकारी संस्थाबाट ३ जना रहने गरि तालिममा सहभागिताको लागि अनिवार्य रुपमा पठाइदिन हुन अनुरोध छ । सहभागिको नामावली २०८१/१०/१५ गते भित्र पठाइदिन हुन समेत सूचित गरिन्छ । नामावली दर्ता सोही पालिकाको कार्यालयमा वा यस पालिकाको कर्मचारी अधिकृत छैठौं श्री रामजी अधिकारीको ह्वाट्स एप नं ९७०४११७६७९ मा पत्राचार/सम्पर्क गरेर समेत दर्ता गर्न सकिनेछ ।

**तपसिल**
स्थानः झापा गाउँपालिकाको कार्यालय ।
मितिः २०८१/१०/२०,२१,२२ (३ दिन)

# मानव अधिकार एलाइन्स झापामा नयाँ नेतृत्व

झापा(प्रस)। मानव अधिकार एलाइन्स झापाले नयाँ नेतृत्व पाएको छ ।

सोमवार सम्पन्न मानव अधिकार एलाइन्स झापाको दोस्रो अधिबेशन तथा छैठौं बार्षिक साधारण सभाबाट अर्जुनकुमार पाठकको नेतृत्वमा ११ सदस्यीय जिल्ला कमिटी सर्वसम्मत निर्वाचित भएको हो ।

पूर्व राष्ट्रिय सभा सदस्य तथा नेकपा एमाले केन्द्रीय सल्लाहकार हरिचरण शिवाकोटीको प्रमुख आतिथ्यता, नेकपा एमाले केन्द्रीय अनुशासन आयोगका सदस्य उमानाथ ओली, मानव अधिकार एलाइन्स नेपालका केन्द्रीय सदस्यद्वय रुद्र सिटौला र पार्वता श्रेष्ठ, नेकपा एमाले बिर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराई, गौरीगञ्ज गाउँपालिका उपाध्यक्ष पुजन न्यौपाने कुँवर, नेकपा एमाले बिर्तामोड नगर कमिटी उपाध्यक्ष तथा बिर्तामोड नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष मदन बुढाथोकीलगायतको आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता मानव अधिकार एलाइन्स, झापा शाखाका कार्यवाहक अध्यक्ष कृष्ण दंगालले गरेका थिए ।

झापाका विभिन्न पालिकाहरुबाट मानव अधिकार एलाइन्स झापामा आवद्ध संघ संस्थाका प्रमुख तथा प्रतिनिधि गरी ६० जना सहभागी सो कार्यक्रमबाट निर्वाचित नयाँ समितिका पदाधिकारीहरुमा उपाध्यक्ष नेत्रप्रसाद प्रसाई, सचिव एकेन्द्र उप्रेती, कोषाध्यक्ष पार्वता खतिवडा, सदस्यहरुमा कोशिस घिमिरे, अनिल गौतम, ध्यानबहादुर (डि.बी.) भारती, मनिता सुवेदी, यसोदा बराल, कमला गौतम र अभिषेक मिश्र रहेको निर्वाचन मण्डलका सदस्य टिका अधिकारीले जानकारी दिएका छन् । मानव अधिकार एलाइन्स कोशी प्रदेशका सदस्य दिपक दासको संयोजकत्वमा भएको ३ सदस्यीय निर्वाचन मण्डलमा टिका अधिकारी र कृष्ण दंगाल सदस्य रहेका थिए ।

निर्वाचनपश्चात् सोमवार नै नेकपा एमाले केन्द्रीय सल्लाहकार हरिचरण शिवाकोटीले नवनिर्वाचित समितिलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराएको मानव अधिकार एलाइन्स नेपालका केन्द्रीय सदस्य रुद्र सिटौलाले जनाए । विराट बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा आयोजित सो कार्यक्रममा कार्यवाहक अध्यक्ष कृष्ण दंगालले सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष विमला ढकालले आर्थिक प्रतिवेदन पेश गरेका थिए । माघ ५ गते मेघबहादुर कटुवालको नेतृत्वमा गठित ११ सदस्यीय मानव अधिकार एलाइन्स बिर्तामोड नगर कमिटीलाई समेत मानव अधिकार एलाइन्स नेपालका केन्द्रीय सदस्य रुद्र सिटौलाले सोमवार नै पद तथा गोपनीयताको सपथ खुवाएका थिए । उक्त नगरस्तरीय कमिटीको उपाध्यक्ष गणेशबहादुर तामाङ, सचिव अमित बुढाथोकी, सहसचिव तोयानाथ दाहाल, कोषाध्यक्ष कल्पना ओली, सदस्यहरुमा दिनेश अधिकारी, गणेश कोइराला, हिमाल मैनाली, संगीता शिवा, युवराज गौतम, राजेन्द्र खरेल रहेका छन् ।

अर्जुनकुमार पाठकले सञ्चालन गरेको सो कार्यक्रममा प्रमुख अतिथि हरिचरण शिवाकोटी, अतिथिहरु सुवास भट्टराई, पुजन न्यौपाने कुँवर, उमानाथ ओली, रुद्र सिटौलालगायतले शुभकामना मन्तव्य राखेको मानव अधिकार एलाइन्स झापाका सदस्य कोशिस घिमिरेले जानकारी दिएका छन् ।

## पशुमा लम्पी स्किनको प्रकोप

झापा(प्रस)। ओखलढुङ्गाको लिखु गाउँपालिकाका पशु चौपायामा लाग्ने लम्पी स्किन रोगको प्रकोप देखिएको छ । गाउँपालिका ८ र ९ का किसानले पालेका पशु चौपायामा लम्पी स्किन रोगको प्रकोप देखिएको हो ।

छिमेकी जिल्ला रामेछापबाट खरिद गरेर ल्याईएका भैंसी र गोरुलगायत गरि आधा दर्जन बढी पशुचौपायामा लम्पीको संक्रमणसँग मिल्दोजुल्दो लक्षण देखिएको छ। लम्पी स्किनसँग मिल्दोजुल्दो रोगको संक्रमण देखिएसँगै महामारीको रुपमा फैलन नदिन किसानलाई सतर्कता अपनाउन आग्रह गरिएको गाउँपालिकाको पशुपन्छी विकास शाखाका पशु चिकित्सक डा. रोशन पौडलले बताए ।

प्रभावित क्षेत्रमा पशु प्राविधिकहरु खटाइएको पौडेलको भनाइ छ। आवश्यक रोग पहिचान र प्रकोप नियन्त्रणका लागि अध्ययन गरिने प्रमुख पौडेलले जानकारी दिए । किसानले पालेका पशु चौपायामा यस्ता लक्षण देखिएमा सम्बन्धित निकायमा खबर गर्न र बिरामी पशुलाई छुट्टै राख्न, चरिचरणमा नलैजान तथा आवश्यक सतर्कता अपनाउन पालिकाले आग्रह गरेको छ ।







### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री लीला बाँस्कोटा, पश्चिमः श्री राम कृष्ण कार्की, उत्तरः श्री कमल थापा मगर, दक्षिणः बाटो को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री डिल्ली रमण पान्डेले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १८०० ०४१ | ६२५ | १४५.०० | २०८१/०९ /२१ | २०८१/०९ /२१ | २०८१/१०/०८ |

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री दुर्गा बहादुर पौडेल र मन बहादुर बि.क., पश्चिमः बाटो, उत्तरः बाटो, दक्षिणः बाटो को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री दुर्गा बाराकोटीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ १८ | २२३७ | १७०.०० | २०८१/०९ /१७ | २०८१/०९ /१७ | २०८१/१०/०६ |

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/०९**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिलः**

<table>
<tr><th>क्र. सं.</th><th>ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण</th><th>कर्जाको प्रकार</th><th>धितो सुरक्षणको विवरण</th></tr>
<tr><td colspan="4">शाखा कार्यालयः विर्तामोड</td></tr>
<tr><td>१.</td><td>ऋणीः प्रदेश सरकार, उघोग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उघोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उघोग कार्यालय भद्रपुर झपामा मिति २०७६/०४/०९ मा प्रा.फ.र.नं. २६/१२०१७० अन्तरगत रजिष्ट्रड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ११ स्थित सिवाकोटी सप्लायर्स एण्ड किराना पसलका तर्फबाट ऐ. का प्रोप्राईटर ईन्द्रमणी सिवाकोटीको नाती, गणेश प्रसाद सिवाकोटीको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, दमक न.पा./गा.वि.स., वडा नं. ३, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ११, बस्ने मिति २०६८/११/१४ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४२०४४/७१९५ भएको बर्ष २९ को सागर सिवाकोटी ।</td><td>व्यवसायीक चालुपुँजी, आवधिक, डिमाण्ड, र सवारी साधन कर्जा</td><td>१. गणेश प्रसाद सिवाकोटीको नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा, दर्ता कायम रहेको झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ६३७१ र ६३७८ को क्षेत्रफल क्रमशः ०-०-७ (वि.क.धु) र ०-०-१.५ (वि.क.धु), गरि कुल क्षेत्रफल (०-०-८.५ वि.क.धु) र उक्त जग्गामा बनको घर र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. उत्पादक कम्पनीको नामः FORD INDIA<br>सवारी साधन मोडेल : ECO SPORT 1.5<br>बनेको मितिः 2020<br>सवारी दर्ता नं. : प्र.१-०१-००१च७८४८<br>ईन्जिन नं. : LA12502<br>चेसिस नं. : MAJAXXMRKA-LA12502</td></tr>
<tr><td></td><td colspan="3">व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरणः</td></tr>
<tr><td></td><td>धितो जमानीकर्ताः<br>नाम : गणेश प्रसाद सिवाकोटी<br>बाबु : ईन्द्रमणी सिवाकोटी<br>बाजे : कृष्ण प्रसाद सिवाकोटी<br>ना.प्र.नं : २३११२३१५ (२०४४/१०/२८, झापा)<br>ठेगाना : झापा जिल्ला, दमक न.पा./गा.वि.स., वडा नं. ०३, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ११, बस्ने ।</td><td>व्यक्तिगत जमानीकर्ता :<br>नाम : सावित्रा प्रसाई (सिवाकोटी)<br>बाबु : मात्रिका प्रसाद प्रसाई<br>पति : गणेश प्रसाद सिवाकोटी<br>ना प्र नं : ३२३३ (२०४५/०२/०८ झापा)<br>ठेगानाः झापा जिल्ला, धाईजन गाउँपञ्चायत वडा नं ०२ स्थायी ठेगाना भै झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ११, बस्ने ।</td><td>व्यक्तिगत जमानीकर्ता :<br>नाम : आस्ना बराल<br>बाबु : नरेन्द्र प्रसाद बराल<br>पति : सागर सिवाकोटी<br>ना प्र नं : ०४-०१-७३-०२५०५ (२०७३-०२-२३ झापा)<br>ठेगानाः झापा जिल्ला, शनिअर्जुन न.पा. ७, स्थायी ठेगाना भै झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ११, बस्ने ।</td></tr>
<tr><td colspan="4">शाखा कार्यालयः दमक</td></tr>
<tr><td>२</td><td>ऋणीः कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उधोग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा मिति २०७४/०५/२९ मा प्रा.फ.र.नं./दर्ता नं. १७५२४८/०७४/०७५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, दमक न.पा वडा नं. ०६ स्थित श्री कन्काई रियल स्टेट प्रा. लि.</td><td>व्यवसायीक चालुपुँजी कर्जा</td><td>१.श्री कन्काई रियल स्टेट प्रा. लि. को नाममा मालपोत कार्यालय दमक झापामा, दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ०३ क स्थित कि.नं. ११९५६, ११९५३, ११७३६, ११७३२, ११७३५, ११७३०, ११७४० र ११८४९, को क्षेत्रफल क्रमसः ०-१-४.५, ०-३-४.२५, ०-१-१३.२५, ०-०-१३, ०-०-१३.५, ०-०-१४, ०-०-१४.७५, र ०-३-५.७५ (बि.क.धु.)<br>२. श्री कन्काई रियल स्टेट प्रा. लि को नाममा मालपोत कार्यालय दमक झापामा, दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ०२ क स्थित कि.नं. १२१०१ र १२०९४ को क्षेत्रफल क्रमसः ०-३-५.२५ र ०-२-२ (बि.क.धु.)</td></tr>
<tr><td></td><td colspan="3">व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरणः</td></tr>
<tr><td></td><td colspan="2">धितो जमानीकर्ता/संचालकः<br>नाम : गोविन्द बहादुर बस्नेत<br>बाबु : छत्र बहादुर बस्नेत<br>बाजे : दत्तसिं बस्नेत<br>ना.प्र.नं:९०६/७८२ (सुनसरी)<br>ठेगानाः सुनसरी जिल्ला, धरान उ.मा.न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०६ ।</td><td>धितो जमानीकर्ता/संचालकः<br>नाम : गोपाल बहादुर बस्नेत<br>बाबु : टंक बहादुर बस्नेत<br>पति : गजराज बस्नेत<br>ना.प्र.नं : ९७७३७२३९ (झापा)<br>ठेगानाःझापा जिल्ला कमल गा.पा वडा नं. ०७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, गौरादहगा.पा वडा नं. ०१</td></tr>
</table>

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जलथल वनलाई जोगाऊ

**जैविक विविधताले भरिपूर्ण झापाको जलथल चारकोशे वनमा १५५ प्रजातिका रुखहरु रहेको एक अध्ययनले देखाएको छ। तीब्र फडानीका कारण सिद्धिन लागेको जलथल वन केही वर्षदेखि संरक्षित हुँदै आएको छ। जैविक विविधताको कुरा गर्दा रुखहरुको प्रजाति संख्याको बिशेष चर्चा हुने गर्दछ तर आजसम्म जलथल जंगलमा रुखका कति प्रजाति छन् भन्ने यकिन तथ्यांक प्रकाशित भएको थिएन। चारकोशे जंगलको फडानी हुनबाट बचेको एक खण्ड हो जलथल वन। झापाको हल्दिबारी, कचनकवल, बाह्रदशी गाउँपालिका र भद्रपुर नगरपालिकामा यो वन ६१०० हेक्टर क्षेत्रफलमा फैलिएको छ। हाल यो वन यी चार वटा पालिकाका २२ वटा सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका छन्। रुखहरुको प्रजातीय विविधताको आधारमा नेपालमा पाइने एक चौथाई जस्तो रुखहरु जलथलमा भेटिएका छन्। जलथल वनले नेपालको कुल वनक्षेत्रको जम्मा ०.१ प्रतिशत भूभाग ओगटेको छ। तर यहाँ नेपालका लगभग २५ प्रतिशत रुखहरु भेटिनुले जलथल वन नेपालको सन्दर्भमा रुखहरुको राजधानी भनेर भन्दा अत्युक्ति नहुने तर्क अध्ययनकर्ताको छ। यति सानो क्षेत्रफलमा यति धेरै संख्यामा रुखहरु नेपालमा अन्यत्र अभिलेख गरिएको छैन।वनस्पति भूगोलको आधारमा जलथल वन नेपालकै एक बिशिष्ट र महत्वपूर्ण छ भन्ने देखिन्छ।**

**जलथलका सयभन्दा बढी प्रजातिका रुखहरु दुर्लभ मान्न सकिन्छ। यद्यपि तिनको दुर्लभता फरक फरक हुन सक्छ। जलथलका एक दर्जन जति रुखहरु स्थानीय स्तरमा लोप हुने अवस्थामा पुगेका छन्। काँडे थाकल र सादन जलथलबाट पछिल्लो समयमा लोप हुने अवस्थामा छन्।**

**२२ वटा सामुदायिक वन समूहबाट वन व्यवस्थापनमा पहल भएता पनि समग्र जैविक विविधता संरक्षणमा वन समूहहरुले अझ गम्भीर भएर लाग्नु पर्ने देखिएको छ। समयमै गम्भीरतापूर्वक काम नगर्ने हो भने हेर्दाहेर्दै यहाँका महत्वपूर्ण सम्पदा लोप भएर जाने भन्दै अध्ययनकर्ताहरुले चिन्तासमेत ब्यक्त गरेका छन्। वास्तवमा यो वनको संरक्षणप्रति स्थानीय निकाय गंभीर र चिन्तित बन्नुपर्ने हो। तर घच्घच्याइरहँदासमेत स्थानीय निकायहरु जलथल वनको महत्व बुझ्न सकिरहेका छैनन्। त्यसकारण ती स्थानीय तहका जनप्रतिनिधिहरुको बेलैमा बुद्धि आओस्।**

# कसरी सुधार्ने सामुदायिक स्कुलको शैक्षिक गुणस्तर?



• जनकराज पन्त

केही वर्षअघि म ललितपुरमा मेरो छिमेकमा रहेको एउटा सामुदायिक (सरकारी अनुदान र सुविधा प्राप्त) स्कुलमा पसेको थिएँ। त्यस स्कुलको शिक्षक कक्ष नजिकै एउटा साइन बोर्डमा 'गरिबहरूका लागि गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता' लेखिएको देखेँ।विगत केही दशकदेखि सामुदायिक स्कुल प्रतिको आकर्षण क्रमिक रूपमा घट्दै गएको छ। सार्वजनिक शिक्षामा सामुदायिक विद्यालय अन्तिम तथा कमसल विकल्प बन्दै गएको छ। यस परिवेशमा यो लेखमा नेपालको विद्यमान चुनौती र समाधानका सम्भावित प्रयासबारे विश्लेषण गर्ने प्रयास गरेको छु।

नेपालले पछिल्लो सात दशकमा साक्षरताको क्षेत्रमा ठूलो फड्को मारेको छ। लगभग दुई प्रतिशतमा रहेको साक्षरता दर आज ८० प्रतिशतको नजिक पुगेको छ। तैपनि शिक्षामा विभेद कम हुन सकेको छैन।शिक्षा बढ्दो विभेद र सामुदायिक स्कुलको खस्किँदो शैक्षिक गुणस्तरले ७० वर्षमा नेपालले शिक्षामा गरेको प्रगति धमिलो बनाइदिएको छ।सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्नु आजको मुख्य काम हो। यो कामका लागि हामीसँग उपलब्ध अवसर, सुधारका उपाय र चुनौतीहरू पहिल्याउनु आवश्यक छ।

केही समस्याको चर्चा गरौं।

असमानता र असंवैधानिक व्यापारीकरण २०४६ सालपछि शिक्षामा निजीकरण तीव्र रूपमा अघि बढ्यो। यस्तो निजीकरणसँगै सरकारी विद्यालयको गुणस्तर र आमजनताको विश्वास दुवैमा गिरावट आउने क्रम पनि बढ्दो छ।

निजी स्कुल धनीका छोराछोरी पढ्ने सरंक्षित संस्था भएका छन्। निजी स्कुल गरिबका लागि प्रायोजित सार्वजनिक विद्यालयभन्दा फरक छ। यी दुवैमा शिक्षा पनि फरक छ ।शिक्षामा वस्तुकरण (कमोडिफिकेसन) चरम अवस्थामा पुगेको छ। अब महँगो ब्रान्डको लुगा लगाउनु र गुणस्तरीय शिक्षाका लागि छोराछोरी महँगो स्कुलमा भर्ना गर्नु उस्तै भएको छ।

सामुदायिक स्कुलमा पढ्नु र सिकाइ कमजोर हुनु आपसमा पर्याय भएको छ। सार्वजनिक स्कुलका बालबालिकाको मनमा आफूहरू निजी स्कुलका विद्यार्थीभन्दा कमजोर हौं भन्ने परेको छ। उनीहरू यसरी सोच्न बाध्य बनाइएका छन्, नजानिँदो तरिकाले विद्यार्थी र अभिभावक दुवैमा लघुताभासको जरो गाडिँदै छ।

सम्भवतः सामुदायिक स्कुलका विद्यार्थीहरूमध्ये धेरैलाई आफू उत्कृष्ट हुँदाहुँदै पनि तुलनात्मक रूपले निजी स्कुलमा पढेको समकक्षी भन्दा कमजोर छु भन्ने भ्रम परेको छ। भविष्यमा पेसागत जीवनमा पनि यस्तो भ्रमबाट मुक्त हुन गाह्रो पर्न सक्छ।

शिक्षामा यस्तो द्वैध प्रणाली कायम गर्नु मानव अधिकारको विरूद्धमा छ, हाम्रो संविधानको परिकल्पनाभन्दा बाहिर छ।

मानव अधिकारको पैरवी गर्ने निकाय र संस्थाहरूले यो पाटो देख्न सकेकै छैनन्। अझै पनि हाम्रो मानव अधिकारको मानक उत्पीडन र सुरक्षाको सवालभन्दा माथि उठ्न सकेको छैन।

**सार्वजनिक शिक्षाको खस्किँदो गुणस्तर**

शिक्षाको गुणस्तर कमजोर हुनुमा अनेक कारण हुन्छ। नेपालमा भने मूल कारण जवाफदेहिताको अभाव हो।

नेपालको संविधानले 'आधारभूत शिक्षा' अनिवार्य र निःशुल्क हुनेछ भन्ने 'आधार भूत अधिकार' मानेको छ तर अझै पनि कतिपय बालबालिका स्कुलबाहिर छन्।

सामुदायिक स्कुलमा हुने सिकाइमा विश्वास नभएपछि अभिभावकहरू आफ्ना छोराछोरी निजी स्कुलमा भर्ना गराउन बाध्य छन्। सामान्यतया अपवादबाहेक आर्थिक रूपमा निकै कमजोर अभिभावक मात्र छोराछोरीलाई सामुदायिक स्कुलमा पढाउँछन्।

विद्यालय शिक्षामा यो अवस्थाले चरम विभेद देखाउँछ। यो अवस्थाले हाम्रो संविधानले परिकल्पना गरेको 'समाजवाद उन्मुख राज्य' का लागि आधार प्रदान गर्दैन। सरकारले शिक्षामा दायित्व पूरा गरेको देखिँदैन।

दीर्घकालीन महत्त्वका ससाना पक्षमा पनि सरकारको जबाफदेयिता प्रस्ट छैन। शिक्षकको क्षमता अभिवृद्धिमा सरकारको ध्यान छैन।

एसइई (विद्यालय शिक्षा परीक्षा) को नतिजा निराशाजनक छ। अक्षरांकन मूल्यांकन पद्धतिले केही सुधार देखिए पनि सिकाइ गुणस्तर सुधार भएको लक्षण देखिएको छैन।

परीक्षाको नतिजा शिक्षण गुणस्तर, शैक्षिक सामग्री प्रयोग, विद्यालयको भौतिक अवस्था, सामाजिक परिवेश लगायतमा भर पर्छ।

यी अवस्थाहरू ठिकठाक राख्न सरकारले कति प्रयास गरेको छ भन्ने प्रश्न निकै महत्वपूर्ण हुन्छ।

राजनीतिक हस्तक्षेप अर्को पाटो हो। प्रधानाध्यापक नियुक्ति र विद्यालय व्यवस्थापन समिति गठनमा चरम राजनीतिक हस्तक्षेप हुने गरेको छ। सामान्यतया यसको प्रभाव नकारात्मक नै देखिएको छ।

जबाफदेहिताको सूची जति तन्कायो, त्यति नै लामो हुन्छ। मन्त्रालय र विभाग आफ्नै योजनाप्रति जवाफहीन छन्। शिक्षा योजना, शिक्षा नीति र पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य कति हासिल भयो भन्ने पक्षमा कहिल्यै पनि खुला छलफल भएको छैन।

स्रोत जति संघमा थुप्रेको छ। संघ, प्रदेश र स्थानीय तहमा आपसी समन्वयको अभाव छ। यसतर्फ सरकारको ध्यान पुगेको छैन। शिक्षक दरबन्दीमा वर्षौंदेखि तदर्थ व्यवस्था छ। सरकार दरबन्दी दिँदैन, 'राहत' शिक्षक खटाउँछ।

**सुधारका सम्भावना र प्राथमिकताहरू**

विविध समस्या र कमजोरीका बीच पनि शिक्षा सुधारमा अनुकूल परिस्थितिहरू छन्। सम्भावनाहरूको पहिचान, तदनुकूल कार्ययोजना र कार्यान्वयन आजको प्राथमिकता हुनुपर्छ।

आम रूपमा अहिलेका शिक्षकहरू विगतका भन्दा योग्य छन्। विद्यालयप्रति अभिभावकहरूको चासो बढेको छ। स्थानीय तहमा स्रोतसाधन पहिलेभन्दा सहज हुँदै गएको छ।

सूचना प्रविधिले खोज र अनुसन्धान तुलनात्मक रूपमा सहज बनाएको छ, विश्वभरिका असल अभ्यासहरूबाट सिक्ने अवसर उपलब्ध छ। यी अवसरहरूको प्रभावकारी उपयोगका लागि केही आधारभूत सुधारहरू आवश्यक छ।अब सुधारका केही आधारभूत उपायहरूको चर्चा गरौं।

**दलीय हस्तक्षेप अन्त्य**

शिक्षा क्षेत्रलाई दलीय हस्तक्षेपबाट अलग राख्नुपर्छ। यसनिम्ति सबै दलको व्यावहारिक प्रतिबद्धता चाहिन्छ। शिक्षा क्षेत्रको नीति र निर्णयमा दलीय स्वार्थ हाबी हुनु हुँदैन।

योजना र नीति कार्यान्वयनमा शिक्षा मन्त्रालय, सम्बद्ध सबै निकाय र सरोकारवाला सबै पक्षको प्रतिबद्धता चाहिन्छ। यसको अर्थ कसैको व्यक्तिगत र राजनीतिक स्वतन्त्रतामा रोक लगाउने होइन, व्यवस्थापकीय पक्षमा दलीय प्रभाव र व्यक्तिगत स्वार्थबाट मुक्त राख्ने हो।

यसो गर्न सकियो भने दलीय हस्तक्षेपबाट शिक्षा क्षेत्र गिजोलिन बन्द हुन्छ। दलीय निगाहमा नियुक्ति र पदोन्नति हुन रोकिन्छ। दक्ष र जाँगरिला शिक्षकको मनोबल बढ्छ, कमजोर र अल्छीलाई सुधार हुन दबाब पर्छ।

दलीय र व्यक्तिगत स्वार्थका उद्देश्यले विद्यालय व्यवस्थापन समिति हत्याउने प्रवृत्ति पनि किनारा लाग्छ। असल नियतले काम गर्नेले अवसर पाउँछ। उपलब्ध साधनस्रोतको न्यायोचित वितरण र प्रभावकारी उपयोग बढ्दै जान्छ।

**अर्थपूर्ण योजना र कार्यान्वयन**

शिक्षा क्षेत्रमा सरकारी योजना नाम मात्रको छ। विद्यालय शिक्षा क्षेत्रको महत्वपूर्ण अभिभारा स्थानीय तहले संविधानबाटै पाएको छ। त्यो अभिभारा पूरा गर्ने बलियो योजना छैन।

संघीय र प्रदेश सरकारले स्थानीय तहसँग समन्वय र संवाद गर्न सकेका छैनन्। बनेका योजनाको सार्थक कार्यान्वयन हुन सकेको छैन।

योजना बनाउँदा सरोकारवालाहरूसँग पर्याप्त छलफल हुँदैन। कर्मचारीहरू हाबी हुन्छन्। आफैले बनाएको योजना कार्यान्वयन नगरे वा कार्यान्वयनबाट अपेक्षित नतिजा नआए पनि उत्तरदायित्व लिन नपर्ने अवस्था छ।

सरोकारवालाहरूको व्यापक छलफलबाट सार्थक योजना, सार्थक कार्यान्वयन र उत्तरदायित्व आजको आवश्यकता हो।

राष्ट्रिय ढाँचामा स्थानीय परिवेश अनुकूल लचकता

हाम्रो शिक्षाको न्यूनतम साझा प्राथमिकता निर्माण गर्नु आवश्यक छ। यसबाट तत्कालै गर्नुपर्ने न्यूनतम काम पहिचान हुन्छ।

शिक्षाको माध्यम भाषाबारे राष्ट्रिय नीति के हो? अंग्रेजी माध्यम भाषाको सीमा के हो? कुन विषय किन नेपाली भाषामा पढाउने? कुन किन अंग्रेजी भाषामा पढाउने?

निजी स्कुल सञ्चालन गर्दाका अनिवार्य सर्तहरू केके हुन् ? सामुदायिक र निजी स्कुलबीच शैक्षिक समन्वयका लागि के के गर्नुपर्छ? यस्ता प्रश्नहरूमा अल्पकालीन र दीर्घकालीन रूपमा प्रस्ट नीति हुन आवश्यक छ।

विद्यालय शिक्षाको राष्ट्रिय ढाँचा र योजनामा स्थानीय तहको परिवेश अनुकूल लचकता हुनुपर्छ। स्थानीय तहले स्थानीय आवश्यकता पूरा गर्दै शिक्षाको राष्ट्रिय ढाँचामा योगदान गर्ने अवसर हुनुपर्छ।

शैक्षिक गुणस्तरको व्यावहारिक पक्ष

पाठ्यक्रमको व्यापक दायरा र गुणस्तरीय शिक्षा समानार्थी जस्तो भएको छ। यसले एकातिर विद्यार्थीमाथि अनावश्यक दबाब सिर्जना भएको छ, अर्कातिर गुणस्तरीय शिक्षाको पाटो ओझेलमा परेको छ।

गणस्तरीय शिक्षासम्बन्धी गलत बुझाइबाट विद्यार्थीहरू जीवनोपयोगी सीप विकासको अवसरबाट विमुख छन्।

उनीहरूमा समाज, संस्कृति र स्थानीय सम्भावनाहरू व्यावहारिक रूपमा केलाउने क्षमता कमजोर छ। यस्तो अवस्था अन्त्य गर्न दीर्घकालीन रणनीति र सार्थक कार्यान्वयन चाहिन्छ।

**व्यावहारिक सिकाइ**

अहिलेको विद्यालय शिक्षामा न्यूनतम सिकाइ उपलब्धि सम्बन्धी बुझाइ निकै धमिलो छ।

कुन उमेर समूहका विद्यार्थीलाई के पढाउने र के नपढाउने, ९-१० कक्षामा पढाउने पाठ्यवस्तु ४-५ कक्षादेखि नै किन घोकाउने? व्यावहारिक सिकाइ कसरी प्रवर्द्धन गर्ने? आन्तरिक मूल्यांकनमा शिक्षकलाई कसरी जिम्मेवार बनाउने?

यी प्रश्नहरू यथोचित ढंगले समाधान हुनुपर्छ। कक्षाकोठामा गरिएको मूल्यांकन विश्वसनीय हुनुपर्छ। शिक्षण र मूल्यांकनमा शिक्षकलाई व्यावसायिक बनाउनुपर्छ।

शिक्षकलाई अवैज्ञानिक तरिकाले थोपरिएको पाठ्यक्रम पूरा बाध्यताबाट बाहिर निकालेर विद्यार्थीको प्रभावकारी सिकाइमा लाग्ने शैक्षिक वातावरण बनाउनुपर्छ।पाठ्यक्रमको उद्देश्य परिवेश अनुकूल र व्यावहारिक हुनुपर्छ।

उल्लिखित सुधारका लागि राजनीतिक इच्छाशक्ति, नीति निर्माताको दूरदृष्टि र समुदायको सहयोग आवश्यक पर्छ। शिक्षामा स्रोत बढाउनुपर्छ र सिकाइ व्यावहारिक बनाउनुपर्छ। हालका केही अव्यावहारिक नीति पुनरवलोकन गर्नुपर्छ। दस्तावेजमा देखाउने मात्र नभई कार्यान्वयनका लागि नीति हुनुपर्छ। यस दिशामा अविलम्ब कदम चाल्नुपर्छ। सबै सम्भावना र समस्या मिहिन ढंगले केलाएर नीति बनाउनुपर्छ। विद्यालय शिक्षामा नाफामुखी प्रवृत्ति निरूत्साहित गर्दै दीर्घकालीन रूपमा गैरनाफामूलक शैक्षिक संस्थामा रूपान्तरण गर्न अहिले नै पहल थाल्नुपर्छ। समस्या समाधानका निम्ति तीनै तहका सरकारको काममा समन्वय आवश्यक छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कृषिमा आधारित गाउँले परम्परा

• दुर्योधन बस्नेत

विविध जातजाति र भाषाभाषी भएको हाम्रो देश विविध संस्कार, संस्कृति र परम्पराले सुसज्जित रहेको छ। तराई, पहाड र हिमाल भिन्न भूबनोटका कारण यी तीन वटै भेगमा पाइने अलग अलग हावापानी, वनस्पति, जीवजन्तु, मानिसका भिन्न भिन्न धर्म, संस्कृति, संस्कार, लवाइखवाइ, रहनसहन, प्रचलन आदि मानिसको जनजीवनसँग प्रत्यक्ष प्रभाव पार्ने त[illegible]वले हाम्रो देशको विशेष पहिचान बनाएको छ। त्यसै गरी ८,८४८ मिटर अग्लो विश्वकै सर्वोच्च शिखर सगरमाथा, विश्वकै अग्लो स्थानमा धान फल्ने ठाउँ जुम्ला, विश्वमा अन्त कतै नपाइने चरा काँडेभ्याकुर, विश्वमा अन्त कतै नपाइने जीव रेड पान्डा, शान्तिका प्रतीक गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी आदि प्राकृतिक, ऐतिहासिक, धार्मिक धरोहरले हामिलाई विश्वकै प्रथम बन्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। ३३ कोटि देवताले रक्षित यो देशलाई प्रकृतिले त्यत्तिकै सुन्दर बनाएको छ।

विविध भूबनोट, हावापानी, जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रहनसहन भएको हाम्रो देशका जति पनि संस्कार, संस्कृति छन्, ती सबै कृषि पेसासँग जोडिएका छन्। कृषिप्रधान देशका रूपमा रहेको हाम्रो देशको प्रमुख आयस्रोतको माध्यम बनेको कृषि पेसा यतिबेला लगभग धराशायी भइसकेको अवस्था छ। युवाको विदेश पलायन, परम्परागत कृषि प्रणाली, आयस्रोतको गतिलो माध्यम बन्नुपर्नेमा जीविकोपार्जनको माध्यमसमेत बन्न नसक्नु र राज्यले कृषि पेसामा संलग्न हुने कृषकलाई उत्साहित बनाउने खालका योजना नल्याउनु, विकट भूबनोट आदिका कारण राज्यको आयको प्रमुख स्रोत भएर पनि कृषि पेसाप्रति मानिस आकर्षित हुन सकिरहेको छैन। दिनप्रतिदिन कृषि पेसाप्रति मानिसको वितृष्णा बढ्दै गइरहेको छ।

पहिला पहिला अर्मपर्मको प्रचलन थियो। पालैपालो छिमेकी सबैको खेतीपाती गरिन्थ्यो तर यतिबेला अर्मपर्मको त कुरै छाडौं, मान्छेविहीन शून्य छ गाउँ। गाउँमा जन्ती र मलामीको अभाव खड्किरहेको छ। ६० वर्षभन्दा माथिका वृद्धवृद्धा मात्र छन्, गाउँमा जसले काम गर्न सक्दैनन्। यसरी जनशक्तिको अभावमा खेतीयोग्य जमिन बर्सौंदेखि बाँझो पल्टिरहेका छन्। रुखो र बन्जर बनिरहेका छन्। जेनतेन खेती चलाइरहेका केही मानिससमेत खेती गरेर कुनै फाइदा नहुने भएपछि खेतीकिसानी छाड्ने तर्खरमा छन्। खेती गरेर उब्जाउनुभन्दा बजारबाट किनेर ल्याउँदा सस्तो पर्ने भएपछि खेती गरून पनि कसरी ? विडम्बना नै भन्नु पर्छ यतिबेला स्वास्थ्यवर्धक, अर्गानिक, प्राकृतिक कोदो, मकै, गहुँ, फापर, जौको रोटी, ढिँडो, आँटो, भुटेका मकै भटमासको स्थान विषादीयुक्त, अखाद्य मिसाइएको अस्वस्थकर मम, चाउचाउ, समोसा, बिस्कुट, पानीपुरी, चटपटे आदि जङ्कफुड, फास्टफुडले ओगट्न थालेको छ। स्वास्थ्यमा असर पुऱ्याउने तारेको, भुटेको, झानेको, पिज्जा, बर्गर, कुरकुरे, चिजबल्सप्रति मानिस आकर्षित हुन थाले, जसका कारण सानै उमेरदेखि गम्भीर खालका सुगर, प्रेसर, ग्यास्टिक, अल्सर, मिर्गौला फेल, क्यान्सरजस्ता असाध्य रोगका सिकार हुनु परिरहेको छ। कलिलै उमेरमा हर्ट अट्याक, ब्रेन ह्याम्रेज, क्यान्सरका कारण मृत्युवरण गर्नु परिरहेको छ।

खान नजानेका कारण प्रकृतिले दिएको औषधीजन्य खानेकुरालाई हामीले जिब्रोको स्वादका खातिर मिठोमसिनो बनाउने नाममा विष बनायौँ। स्वस्थ रहनका लागि ८० प्रतिशत क्षारीय र २० प्रतिशत मात्र अम्लीय खाना खानुपर्नेमा ठिकविपरीत ८० प्रतिशत अम्लीय र २० प्रतिशत क्षारीय खाना खान थाल्यौँ। खानालाई औषधी बनाउनुपर्नेमा औषधीलाई खाना बनायौँ। प्रकृतिले हामीलाई अमृत दिएको थियो, विष बनाएर सेवन गर्न थाल्यौँ अर्थात् हामी प्रकृतिको उल्टो दिशातिर हिँड्न थाल्यौँ र जीवनलाई कष्टपूर्ण बनायौँ।

हो, यही अवस्थाबाट आफ्नो परिवार, समाज र दुनियाँलाई मुक्ति दिलाउनका लागि गुल्मी जिल्लाको सत्यवती गाउँपालिका-१, अस्लेवा ठाँटी देउराली निवासी ४३ वर्षीय रोमनाथ पाण्डेले कुनै पनि विषादी प्रयोग नगरीकन नितान्तै प्राकृतिक, अर्गानिक किसिमले गोलभैँडा उत्पादन गरिरहनुभएको छ।

ठुलो परिमाणमा गोलभैँडाको उत्पादन गर्ने पाण्डेले आफूलाई गोलभैँडा उत्पादकका रूपमा परिचित गराउनुभएको छ। गोलभैँडाको उत्पादन वृद्धिका लागि उहाँले स्थानीय उपलब्ध जडीबुटी बकेना, तितेपाती, असुरो, वनमारा, खिर्रो, निम, आरुको मुन्टा आदिको मिश्रणलाई गाईभैँसीको गहुँतमा मिसाएर एक महिनासम्म ड्रममा कुहाएर झोलमोल तयार गर्नुहुन्छ। एक भाग झोलमोलमा कलिला बिरुवाका लागि १० भाग पानी र परिपक्व वा वयस्क गोलभैँडाको बोटका लागि एक भाग झोलमोलमा पाँच भाग पानी मिसाएर स्प्रे गरी गोलभैँडाको बोटलाई न्युट्रेसन दिनुहुन्छ। त्यसै गरी उहाँले पिरो खुर्सानी, लसुन, प्याज, केतुकेको टुक्रा, आरुको मुन्टा मिसाएर ड्रममा राखिएको गहुँतमा उक्त मिश्रण हाली एक महिनासम्म घाम लाग्ने पारिलो ठाउँमा राखेर जैविक कीटनाशक विषादी तयार गर्नुहुन्छ। तयारी जैविक विषादीलाई माथि उल्लिखित झोलमोलकै तरिकाबाट कलिलो बिरुवा भए एक भाग जैविक विषादीमा १० भाग पानी र वयस्क बोटका लागि एक भाग जैविक विषादीमा पाँच भाग पानी मिसाएर स्प्रे गर्ने गरेको बताउनुहुन्छ।

उहाँ एउटा उत्कृष्ट कृषकका साथै अनुभवी भेटेरिनरियन पनि हुनुहुन्छ। हाल उहाँ सहायक पशु सेवा प्राविधिकका रूपमा गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिका-३, जयखानी कार्यालयमा कार्यरत हुनुहुन्छ। पाण्डे अत्यन्तै मेहनती, सहयोगी, समाजसेवी हनुहुन्छ। यतिबेला उहाँले फलफूलको पनि थुप्रै बिरुवा लगाउनुभएको छ। कागती, सुन्तला, मौसम, एभोकाडोका बिरुवा लगाउनुभएको छ। त्यति मात्र होइन, उहाँ ब्रोइलर कुखुरा व्यवसायी पनि हुनुहुन्छ। एकछिन पनि समय खेर फाल्नुहुन्न। कहिले तरकारी बारीमा त कहिले कुखुरा फार्ममा व्यस्त रहनुहुन्छ। परिवारबाट त्यत्तिकै सहयोग पाउनुभएको छ उहाँले। उहाँले गर्नुभएको कृषिकर्म सबैका लागि उदाहरणीय बनेको छ। उहाँको यो कृषिकर्मलाई हामीले पनि अनुसरण गर्नु पर्छ।

# स्ववियु निर्वाचन चैत ५ गते हुने

झापा(प्रस)। त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन आगामी चैत ५ गते गर्ने सहमति भएको छ । त्रिविका शिक्षाध्यक्ष डा खड्ग केसीको अध्यक्षतामा मंगलवार बसेको विद्यार्थी कल्याण परिषद्को बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्य सचिव पशुपति अधिकारीले जानकारी दिए ।

यसअघि त्रिविको शैक्षिक क्यालेन्डरमा स्ववियु निर्वाचन फागुन १५ गते गर्ने तोकिएको थियो । विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशकसमेत रहेका डा केसीले कानुनी जटिलता आउने भएकाले अघिल्लो कार्यकालमा भएको समयमा नै स्ववियु निर्वाचन गर्ने निर्णय गरिएको बताए ।

“वर्तमान कार्यसमितिको दुई वर्षको कार्यकाल राखिएको छ । आगामी चैत ५ गते ठीक दुई वर्ष पुग्छ”, उनले भने, “कानुनी जलिटता नआओस् भनेर अघिल्लो पटक निर्वाचन भएको मितिमै निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्लाई सिफारिस गरिएको छ ।”

यसअघि २०७९ चैत ५ गते स्ववियु निर्वाचन भएको थियो । प्रत्येक दुई-दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमित रुपमा हुन सकेको थिएन । विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकैपटक २०७३ चैत १५ गते भएको थियो । त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेक सम्पन्न भएको थियो । त्यतिवेला नौ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन ।

स्ववियु निर्वाचन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ । निर्वाचनका लागि २८ वर्षे उमेर हद र मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ ।

# लागूऔषध भित्र्याउने चारजना एकैदिन पक्राउ



झापा(प्रस )। झापाको पन्थापाडा र लसुना नाकाबाट लागूऔषध भित्र्याउने दुई युवतीसहित चारजना एकैदिन पक्राउ परेका छन् । सोमवार झापा गाउँपालिका-१ स्थित लसुना नाकामा भारतबाट नेपालतर्फ आउँदै गरेका दुई युवतीमाथि शंका लागेर लागेर प्रहरीले चेकजाँच गर्दा प्लास्टिकसहित ३ ग्राम ९५ मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो ।

पक्राउ पर्नेमा पाँचथर फिदिम नगरपालिका ४ की १९ वर्षीया रदिमा बर्देवा र सोही ठाउँकी १९ वर्षीया इन्दिरा लिम्बू रहेका छन् । ब्राउनसुगरसहित पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । त्यस्तै सोमवार साँझ झापा गाउँपालिका -५ पन्थापाडाबाट १० ग्राम १५ मिलिग्राम ब्राउनसुगरसहित दुई युवा पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरूमा कनकाई नगरपालिका-८ का २५ वर्षीय सुमन राजवंशी र अर्जुनधारा नगरपालिका-५ का ३० वर्षीय प्रवीण गिरी रहेका छन् । पन्थापाडामा खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्र १-०१-०१६ प ९००९ नम्बरको मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्ने क्रममा मोटरसाइकलको पछाडि सवार राजवंशीले मलद्वारमा प्लास्टिकले पोका पारी लुकाईछिपाइ ल्याउँदै गरेको ब्राउनसुगर फेला परेको थियो । उनीहरूमाथि अनुसन्धान भइरहेको डीएसपी चन्दले बताए । यसअघि पनि सशस्त्र र नेपाल प्रहरीले पटक पटक पन्थापाडा र लसुना नाकाबाट ठूलो मात्रामा लागूऔषध बरामद गरिसकेको छ ।

# पूर्व जनप्रतिनिधि कार्कीको निधन



बिर्तामोड(प्रस)। साविक गरामनी गाउँ विकास समितिका पूर्व जनप्रतिनिधि खड्गबहादुर कार्कीको निधन भएको छ ।

साविक गरामनी गाविस वडा नं ४ मा तीनपटक वडाध्यक्ष जितेका कार्कीको ८१ वर्षको उमेरमा सोमवार बेलुका ७.३० बजे उपचारका क्रममा निधन भएको हो ।

कार्कीका दुई छोरा र तीन छोरी रहेका छन् । जेठा छोरा चिरञ्जीवी कार्की हुन् । युवा समाजसेवी कार्की गत स्थानीय तहको निर्वाचनमा बिर्तामोड ८ बाट वडाध्यक्षको पदमा उठेका थिए । त्यस्तै अर्का छोरा बसन्त कार्की , छोरीहरु बिन्दमाया कार्की , पार्वता कार्की र उमा कार्की कट्वाल हुन् । दिवंगत कार्कीको पार्थीव शरीरलाई मंगलवार कन्काई माईमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ ।

## विपद्को...

गराएका थिए । कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले आफूहरु एकीकृत विपद् प्रतिकार्य योजना कार्यान्वयनको नजिक पुगेको बताए । उनले पहाडी क्षेत्रमा नयाँ संरचना निर्माण गर्दा हुनसक्ने दश गुणा जोखिमलाई सोच्नुपर्ने बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख विश्वनाथ बराल , आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कमलबहादुर थापा , बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेल , मेचीनगर नगरपालिकाका नगर प्रमुख गोपालचन्द्र बुढाथोकी , उपप्रमुख मीना पोखरेल उप्रेती , अर्जुनधारा नगरपालिकाका नगर उपप्रमुख खड्गमाया पराजुली, कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राई, सुरक्षा निकायका प्रमुखहरु , विभिन्न कार्यालय र संघ संस्थाका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

एकीकृत विपद् व्यवस्थापन केन्द्रबाट सहयोग पुग्ने

मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रअन्तर्गत जिल्लाका चार पालिकाको साझेदारीमा अर्जुनधारामा निर्माण भइरहेको एकीकृत विपद् व्यवस्थापन केन्द्रबाट ठूलो सहयोग पुग्ने कार्यक्रममा बताइएको थियो । अर्जुनधारा, बिर्तामोड, बुद्धशान्ति र कनकाईको साझेदारीमा अर्जुनधारा नगरपालिका-१ मा निर्माणाधीन उक्त परियोजनाको कुल लागत रु पाँच करोड २० लाख रहेको छ ।स्वीस सरकार र कोशी प्रदेश सरकारले परियोजनालाई सहयोग गरेका छन् । उक्त एकीकृत विपद् व्यवस्थापन केन्द्रमा प्रहरीको युनिटसहित चारवटा दमकल, एउटा शववाहन, प्रहरी वाहन र तीनवटा साना वाहन रहने जनाइएको छ । वाहन मर्मत गर्ने ग्यारेज, पानी जम्मा गर्ने रिजर्भियर, विपद् सामग्री भण्डारण गर्ने गोदाम, प्रहरी, कामदार र कर्मचारी बस्ने आवास, हेलिप्याड, प्रशासनिक भवनलगायत पूर्वाधार निर्माण भइरहेको छ । परियोजनामा प्रदेश सरकारको ५० प्रतिशत, स्वीट्जरल्याण्ड सरकारको २० प्रतिशत, बुद्धशान्ति गाउँपालिकाको छ प्रतिशत र अन्य तीनवटा नगरपालिकाको २४ प्रतिशत लगानी रहेको छ । २०८० मंसिरमा सुरु गरिएको उक्त परियोजना दुई वर्षभित्र निर्माण भइसक्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख छ ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## यस बैंकका ऋणीहरुलाई कर्जा/सूविधा चूक्ता गर्न आव्हान गरिएको र चूक्ता नगर्ने ऋणीहरुको धितो रहेको सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हान गरिएको सुचना

प्रकाशित मितिः २०८१-१०-०९

यस बैंकको देहायको शाखाबाट निम्न बमोजिम कर्जा/सूविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चूक्ता नभएकाले यो सुचना प्रकाशित गरिएको छ । तसर्थ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा आई कर्जा चूक्ता गर्ने अघिल्लो दिनसम्मको सम्पुर्ण बक्यौता चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनु हुन सम्बन्धित ग्राहक र धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचिमा नाम समावेश गर्न लेखि पठाइने छ । साथै, यस सुचना बामेजिम लिलाम बिक्री हुन नसकेका धितो सम्पत्ति बैंकको अनुकुल समयमा बैंक आफैंले सकार गरी लिन सक्ने वा ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

यो सुचना बमोजिम ३५ दिनभित्र चूक्ता नभएका कर्जाहरुको बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सुचना प्रथम पटक पत्रिकामा प्रकाशित भएको मितिले ३६औं दिनदेखि ५० औं दिनभित्र सम्बन्धित शाखा कार्यालयमा कार्यालय समय भित्र आइपुग्ने गरि निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी वोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । प्राप्त वोलपत्रहरु केन्द्रीय कार्यालय, कर्जा असुली विभागमा ५१औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे खोलिने हुँदा वोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर वोलपत्रदाताको अनुपस्थितिले वोलपत्र खोल्न बाधा पुग्ने छैन ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शखा कार्यालयः चारपाने**<br>ऋणीः कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा मिति २०७५/११/०८ मा दर्ता नं. २०९१०१/०७५/०७६ अन्तरगत रजिष्टर्ड दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३ सैनीकमोड, भई हाल सोही स्थानमा स्थित श्री के.आर.रियलस्टेट प्रा.लि.।<br>**जमानीकर्ता/संचालकः**<br>नाम : रविन्द्र न्यौपाने<br>बाबु : माधव प्रसाद न्यौपाने<br>बाजे : नन्दलाल न्यौपाने<br>ना प्र नं : ०१२८८२३४९ (झापा)<br>ठेगाना : झापा जिल्ला, अनारमनी न.पा./गा.वि.स., वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने। | **चालुपुँजी कर्जा,**<br>**डिमान्ड कर्जा र सवारी साधन कर्जा** | १. के.आर.रियलस्टेट प्रा.लि. को नाममा मालपोत कार्यालय, भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला,अनारमनी गा.वि.स., वडा नं. ७ स्थित कि.नं.१७०५ र १७०३ को क्षेत्रफल क्रमशः ४४६.०० र ४,३४८.८५ (व.मी.) जग्गा र सो जगाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**२. सवारी साधनको विवरणः**<br>उत्पादक कम्पनीको नामः हुन्डाइ<br>सवारी साधन मोटेल : SANTROSPORTZ<br>बनेको मितिः 2019<br>सवारी दर्ता नं. : प्र.३-०१-०२४ च ६७८४<br>ईन्जिन नं. : G4HGKM006366<br>चेसिस नं. : MALAF51CLKM059114*C |
| | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : अनुपमा खरेल<br>बाबु : होम प्रसाद खरेल<br>पति : रविन्द्र न्यौपाने<br>ना प्र नं : ०५१०६६-७५१४(मोरङ्ग)<br>ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ०४, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने । | **जमानीकर्ता/संचालकः**<br>नाम : कपिल न्यौपाने<br>बाबु : माधव प्रसाद न्यौपाने<br>बाजे : नन्दलाल न्यौपाने<br>ना प्र नं : ०१२८८५(झापा)<br>ठेगाना : झापा जिल्ला, अनारमनी न.पा./गा.वि.स., वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : विमला चुडाल न्यौपाने<br>बाबु : लक्ष्मी प्रसाद चुडाल<br>पति : कपिल न्यौपाने<br>ना प्र नं : ०१२८८६६० (झापा)<br>ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने । |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**



# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** कार्यसम्पादनमा समस्या आउला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।

**वृष** दबाब र तनाव बढेको महसुस हुनेछ । हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ

**मिथुन** आज लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । स्वास्थ्य पनि सबल

**कर्कट** लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन । सुखमा रमाउने समय छ ।

**सिंह** आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ ।

**कन्या** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । आदर्श व्यक्तित्वको सहकार्यले नयाँ अनुभव

**तुला** बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ ।

**वृश्चिक** काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । जीवनसाथीको सल्लाहको कार्यबाट सफलता

**धनु** आज घर व्यवहारमा झमेला आउनसक्छ । मनमा दुबिधा उत्पन्न हुनेछ ।

**मकर** अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । मित्रबाट विशेष सहयोग

**कुम्भ** आज सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ

**मिन** विद्या र बुद्धिको विकास हुनेछ । मित्रताको बन्धन कसिनेछ ।